# खाँडाचक्र नगरपालिकाको
# कोष स्थापना तथा सञ्चालन ऐन, २०७८

स्वीकृत मिति : २०७८/०३/१०

**प्रस्तावना** : खाँडाचक्र नगरपालिकामा नगरपालिकाबाट स्विकृत विनियोजित रकम र अन्य स्रोतवाट बजेट प्राप्त गरी विभिन्न बिषयगत कोषहरू स्थापन गरी स्थानिय तहका एकल र साभ्ा अधिकारसूचि अन्तरगतका लक्षित बर्ग, समुदाय, विषय वा क्षेत्रमा प्रभावकारीरुपमा सहयोग वा काम गर्न विभिन्न कोषको स्थापना गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२६(१), अनुसूची ८, ९ र स्थानिय सकरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) ले दिएको अधिकारमा रही नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यो ऐनको नाम 'कोष स्थापना तथा सञ्चालन ऐन, २०७८' रहेको छ ।

(२) यो ऐन खाँडाचक्र नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) 'ऐन' भन्नाले खाँडाचक्र नगरपालिकाको 'कोष स्थापना तथा सञ्चालन ऐन, २०७८' लाई सम्भ्ानु पर्दछ ।

(ख) 'नगरपालिका' भन्नाले खाँडाचक्र नगरपालिकालाई सम्भ्ानु पर्दछ ।

(ग) 'अध्यक्ष' भन्नाले नगरपालिकाका अध्यक्षलाई सम्भ्ानु पर्दछ ।

(घ) 'प्रमुख प्रशासकीय अकृित' भन्नाले खाँडाचक्र नगरपालिका प्रमुख प्रशासकिय अधिकृतलाई सम्भ्ानु पर्दछ ।

(ङ) 'कोष' भन्नाले यस ऐन अन्तरगत गठन भएको कुनै पनी कोषलाई सम्भ्ानु पर्दछ ।

३. **कोषको स्थापनाः**

(१) नगर कार्यपालिकाले यस ऐनको दायरामा रही लक्षित बर्ग, समुदाय, विषय वा क्षेत्रमा प्रभावकारीरुपमा सहयोग वा काम गर्न कोषको स्थापना गर्न सक्नेछ ।

(२) यस एन अन्तरगतको कोष स्थापना र सञ्चालनको लागि नगर कार्यपालिकाले कार्यविधी वनाई काम गर्न सक्नेछ ।

४. **कोषमा रकम जम्मा गर्ने:** स्थापना गरिएका कोषको रकमको श्रोत निम्न बमोजिम हुनेछ—

(क) स्थानीय सन्चित कोष वापत विनियोजन गरिएको रकम,
(ख) प्रदेश सरकारवाट प्रप्त भएको रकम,
(ग) संघ सरकारवाट प्राप्त भएको रकम,
(घ) अन्य स्थानिय सरकारले उपलब्ध गराएको रकम,
(ङ) कुनैपनि देशले उपलब्ध गराएको रकम,
(च) कोषको उदेश्य संग सहमत भई ब्याक्ति वा निजी क्षेत्रले उपलब्ध गराएको रकम,
(छ) कोषको उदेश्य संग सहमत भई गैरसरकारी वा अन्तरष्ट्रिय संस्थाले उपलब्ध गराएको रकम ।

५. **कोषको रकम वृद्धि गर्न सक्ने:** नगरपालिकाले स्थानिय राजपत्रमा सुचना प्रकाशित गरि कोषमा रहने रकममा आवाश्क्ता अनुसार रकम वृद्धि गर्न सक्नेछ ।

६. **कोषका रकम खर्च गर्न सक्ने:** नगरपालिकाले कोषमा रहेको रकमबाट संवन्धित बिषयगत कोष स्थापना एवम् सञ्चालन कार्यविधी वनाई कार्यविधिको ब्यवस्था वमोजिम खर्च गर्न सक्नेछ ।

७. **कोषको सञ्चालन:**

(१) कोषको सञ्चालन नगरपालिकाको कार्यालयबाट हुनेछ ।
(२) यस ऐन अन्तरगत वनेका कोषको सन्चालन र रकमको सन्चालन सम्वन्धि र रकमको निकासा सम्वन्धि श्रेष्ता र हिसाव खुल्ने गरीको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कुनै अधिकृतले राख्नुपर्नेछ ।

८. **कोषबाट खर्चको निकासाको माग:**

(१) कुनै कोषबाट रकम खर्च गर्नुपर्ने भएमा सम्वन्धित अधिकारीले पेश्कीको रुपमा नगरकार्यपालिकाको कार्यालय मार्फत रकम निकासाको माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश्कीको रुपमा रकम निकासा माग गर्दा सम्वन्धित अधिकारीले देहायको विवरण खोली पठाँउनु पर्नेछ ।

(क) आकस्मिक कार्यको विवरण, खर्चको आवाश्यक्ता र चाहिएको रकम,

(ख) थप खर्च मागिएको भए त्यसको कारण र चाहिने रकम,

(ग) तुरुन्त खर्च नगरेमा हुने परिणामको संकेत,

(घ) कति अवधि सम्मका लागि खर्च चाहिने हो त्यसको सम्भाव्यता ।

(३) उपदफा (१) बमोजिम कोषबाट खर्चको माग भएकोमा नगर कार्यपालिकाको कार्यालयले नगर कार्यपालिका समक्ष पेश गरि निकासा भए बमोजिम कोषबाट पेश्कीको रुपमा रकम दिइएमा नगर कार्यपालिकाको कार्यालयले तोकिएको ढाँचामा अभिलेख राख्नुपर्ने छ ।

**९. खर्चको रकम सोधभर्ना गर्नु पर्नेः**

(१) नगरकार्यपालिकाले कोषबाट खर्च गरेको रकम संवन्धित कोषमा यथाशिघ्र सोधभर्ना गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि तत्काल कोषमा रकम सोधभर्ना भर्न नसकिएमा आगामी आ.व. को विनियोजन ऐन बमोजिम विनियोजित रकमबाट त्यस्तो रकम सोधभर्ना गर्नु पर्नेछ ।

**१०. आकस्मिक कार्य पुरा भएको सुचना दिनुपर्नेः**

(१) कोषको रकम प्रयोग भई कुनै कार्य समाप्त भएपछि वा त्यस्तो कार्य गर्न सम्भावना छैन भन्ने यकिन भएपछि सो कुराको जानकारी पेश्की माग गर्ने अधिकारीले नगर कार्यपालिकाको कार्यालयमा तुरुन्त दिनुपर्नेछ ।

११. **खर्च नभएको रकम संवन्धित कोषमा दाखिला गर्ने**ः कोषबाट पेश्की लिएको रकम खर्च गर्नु नपर्ने भएमा वा सवै रकम खर्च नभई बाँकी रहेमा पेश्की माग गर्ने अधिकारीले कार्य समाप्त भएको वा त्यस्तो कार्य गर्न सम्भावना छैन भन्ने यकिन भएको मितिले पैतिश (३५) दिनभित्र त्यस्तो बाँकी रहेको रकम कोषमा दाखेला गर्नु पर्नेछ ।

१२. **नियम बनाउने अधिकार**ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरकार्यपालिकाले आवश्यक नियम, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ ।

१३. **बाधा अड्काउ हटाउने अधिकार**ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन सक्नेछ ।

१४. **खारेजी र बचाउ**ः यस नगरपालिका अन्तरगत नगर कार्यसमितिले कार्यविधि वनाई हाल सम्म स्थापना गरेका कोष यसै ऐन अन्तरगत वनेको मानिनेछ । स्थापित कोषका यस ऐन संग बाझिने गरि भएका प्रावधान स्वतह बदर हुनेछन ।

१५. **अनुसुचीमा हेरफेर गर्न सक्ने**ः नगरपालिकाले स्थानिय राजपत्रमा सुचना प्रकाशन गरि अनुसुचीमा आवाश्यक हेरफेर गर्न सक्नेछ ।

**आज्ञाले**
जसी प्रसाद चौलागाई
नि. प्रमुख प्रशासकीय अधिकृत